निर्णयहरु :

१. गाउँपालिका भित्रका विभिन्न वडाहरुमा सञ्चालित निम्नानुसारका आयोजनाहरुको फरफारक समितिबाट फरफारक भई भुक्तानी भएकोमा उक्त आयोजनाहरुमा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

- वडा नं. ८ को तामाङ् संग्रहालयभवननिर्माण, भुस्मे रु ७,००,०००।००
- वडा नं. ३ को जिम्दो गोरेटो बाटो रु ५०,०००।००
- वडा नं. ८ को भुलभुले खेल मैदाननिर्माण रु ५,००,०००।००
- वडा नं. ३ को खेलमैदाननिर्माण, बुद्धबजार रु १,५०,०००।००
- वडा नं. ९ को भलामचौर खानेपानी रु ५,५०,०००।००
- वडा नं.३ को विरभक्तिथापापार्क निर्माण रु ५,००,०००।००
- वडा नं. १ को फेञ्रो- सेने सडक रु ५,५०,०००।००
- वडा नं. ६ को चनौटेदेखि गाउँसम्मआन्तरिक गोरेटोबाटो रु ३,००,०००।००
- वडा नं. ६ को बाहुनडाँडा देवीस्थानगोरेटोबाटो रु ४,००,०००।००
- वडा नं. ३ को पसखोलासिम्लेफाँट सिंचाई रु १,००,०००।००
- वडा नं. ८ को बन्द्रे ( बाँद्रे ) सिंचााई रु १,५०,०००।००
- वडा नं. ८ को अम्बोटे लाम्पाटा सिँचाई रु १,००,०००।००
- वडा नं. ८ को लाम्पाटा सिँचाई रु १,००,०००।००
- वडा नं. ९ को महिमाचर्च निर्माण रु १,५०,०००।००
- वडा नं. ५ को घेर्मु युवाक्लव खेलकुद सञ्चालन रु १,००,०००।००
- वडा नं. ३ को हाँगो सिँचाई मर्मत रु १,००,०००।००

२. वडा नं. ५ को **छ वटा प्रा.वि.लाई प्रिन्टर तथा फोटोकपी आयोजनाका लागि रु ५,००,०००।००**वजेट विनियोजन भएकोमा गाउँपालिका कार्यालयबाट खरिद गरि वडा नं. ५ का वडा अध्यक्षको रोहवरमा हस्तान्तरण समेत भईसकेको र सो आयोजनामाखर्च भएको रु ४,९६,९७४।०० को खर्च अनुमोदनगर्ने निर्णय गरियो ।

३. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाबाट **सुधारीएको चुलो कार्यक्रमका लागि रु ४,००,०००।००** विनियोजन गरिएकोमा धुवाँरहित स्वस्थ्य चुल्हो निर्माणका लागिप्रति परिवार रु २००।०० उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त रकमउपलब्ध गराउँदा स्वस्थ्यचुल्हो नेपाल सँस्था सँग सम्झौता गरि चुल्हो बनाएका गाउँपालिका भित्रका उपभोक्ताहरुको चुल्हो बनाएको आवश्यक प्रमाण हेरी स्वस्थ्य चुल्हो नेपाल सँस्थालाई भुक्तानीदिने निर्णय गरियो ।

४. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ४ लाई पूर्ण सरसफाई वडा घोषणा गर्ने कार्यक्रम रहेको र गाउँपालिकाको गाउँसभाले **वातावरण मैत्री र पूर्ण सरसफाई वडा/टोल घोषण कार्यक्रमका लागि रु ५लाख** वजेट विनियोजन गरेकोमा सोही शिर्षकबाट भुक्तानीहुने गरि वडा नं. ४ को पूर्ण सरसफाई वडा घोषणा गर्ने कार्यक्रमकालागि रु १ लाख ५० हजार दिने गर्ने निर्णय गरियो ।

५. मर्स्याङ्दी गाउँपालिकाको विषेश गाउँसभा २०७४/०८/१५ माबोलाईएमा हालतत्कालै केहि ऐनहरु तत्कालै पारित गर्नुपर्ने भएकोमा उक्त ऐनहरु पारित गर्ने तथावजेट कार्यान्वयनका क्रममा आएका अन्य विविध समस्याहरु समाधान गर्नका लागि २०७५/०१/१४ गते गाउँसभा बोलाउने निर्णय गरियो । साथै २०७५/०१/१४ र १५ गते **योजना छनौट, कार्यान्वयन र योजनाको गुणस्तर बृद्धिका लागि जन प्रतिनिधि तथा कर्मचारीलाई क्षमता अभिबृद्धि तालिम**को आयोजना गर्ने निर्णय गरियो ।

६. मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाका सदस्यमध्ये मोटरसाईकलन लिनु भएका वडा अध्यक्षहरुको मासिक यातायातखर्च रु १,०००।०० तोकिएकोमा अन्य गाउँकार्यपालिकाका सदस्यहरुकालागि २०७४ कार्तिक महिनाबाट लागु हुने गरि मासिक यातायात खर्च रु ५००।०० उपलब्ध गराउने निर्णय गरियो ।

७. गाउँपालिकाबाट मोटर साईकल खरिद गरि कर्मचारी, जनप्रतिनिधि तथा वडा अध्यक्षहरुले गाउँपालिकाको कार्यालयबाट बुझेर चलाउने गरिएकोमा ब्लु बुक, लाईसेन्स लगायतका आवश्यक कागजात नभएको कारणले

हुने ट्राफिक चेकिङ् तथा अन्य जुनसुकै अवस्थाका लागि मोटरसाईकल बुझीलिने व्यक्ति नै जिम्मेवार हुने निर्णय गरियो । साथै यसमा गाउँपालिकाका अध्यक्ष तथा गाउँपालिकाको कार्यालय जवाफदेहि नहुने र सरकारी सवारी साधनहरुलाई किफायत पूर्ण तरिकाले प्रयोग गर्न सबैले आ-आफ्नो तर्फबाट प्रयास गर्ने निर्णय गरियो ।

८. निम्नानुसारका कार्यविधि तथा विनियमावली सर्वसम्मतले पारीत गर्ने निर्णय गरियो ।

- करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७४
- विपद व्यवस्थापन कार्यविधि, २०७४
- व्यवसाय दर्ता विनियमावली, २०७४

साथै यस अघि गाउँपालिकामा रहेको विपद व्यवस्थापन कोषमा रहेको रकमलाई विपद व्यवस्थापन कार्यविधि, २०७४मा व्यवस्था भए अनुसार नयाँ खाता सञ्चालन गरी सोही खातामा ट्रान्सफर गर्ने निर्णय गरियो ।

९. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ५ मा दलित लक्षित बाख्रापालन तथा अलैंची खेतीका लागि रु २ लाख वजेट विनियोजन भएकोमा उपभोक्ताबाट २५ प्रतिशत र यस वजेटबाट ७५ प्रतिशत रकम व्यहोर्ने गरी उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

१०. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ५ मा महिला लक्षित मौरी पालनका लागि रु १ लाख वजेट विनियोजन भएकोमा उपभोक्ताबाट ५०प्रतिशत र यस वजेटबाट ५०प्रतिशत रकम व्यहोर्ने गरी वडा स्तरीय महिला समिति मार्फत गर्ने निर्णय गरियो ।

११. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ७ मा ना.स.के.कुखुरा पालन कार्यक्रम तारचोकका लागि रु ५० हजार वजेट विनियोजन भएकोमा उपभोक्ताबाट २५ प्रतिशत र यस वजेटबाट ७५ प्रतिशत रकम व्यहोर्ने गरी वडा स्तरीय कृषि तथा पशु विकास समिति मार्फत गर्ने निर्णय गरियो ।

१२. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ९ मा दलित उत्थान कार्यक्रमका लागि रु १ लाख वजेट विनियोजन भएकोमा उपभोक्ताबाट २५ प्रतिशत र यस वजेटबाट ७५ प्रतिशत रकम व्यहोर्ने गरी उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

१३. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ९ माअलैची खेतिका लागि रु १ लाख वजेट विनियोजन भएकोमा उपभोक्ताबाट ५०प्रतिशत र यस वजेटबाट ५० प्रतिशत रकम व्यहोर्ने गरी वडा स्तरीय कृषि तथा पशु विकास समिति मार्फत गर्ने निर्णय गरियो ।

१४. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ९ माजेष्ठ नागारिक सहायत सामाग्री खरिदका लागि रु १ लाखवजेट विनियोजन भएकोमा वडा स्तरीय जेष्ठ नागरीक समिति तथा गाउँपालिकाको महिला विकास शाखा मार्फत गर्ने निर्णय गरियो ।

१५. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ९ माबाल सञ्जाल आयोजनाका लागि रु ५० हजार वजेट विनियोजन भएकोमा वडा स्तरीय बाल समिति मार्फत गर्ने निर्णय गरियो ।

१६. मर्स्याङ्दी गाउँपालिकामा मर्स्याङ्दी गा.पा.महिला/दलित लक्षित सिपमुलक तालिमका लागि रु ५ लाख वजेट विनियोजन भएकोमा गाउँपालीका स्तरीय महिला सञ्जाल ( समिति )मार्फत गर्ने निर्णय गरियो ।

१७. गाउँपालिकामा रहेका न्यायीक समिति, विषयगत समिति तथा विभिन्न कार्यदल र समिति स्थापन गरी कार्य सञ्चालन कार्यक्रममा बैठक बस्दाको बैठक भत्ताप्रति बैठक प्रतिव्यक्ति रु १०००।०० तोक्ने निर्णय गरियो ।

१८. श्री आनन्द देवी प्रा.वि., मर्स्याङ्दी गा.पा-२ को स्वर्ण जयन्ती २०७४।१२।२५ गते हुन गइरहेकोले उक्त कार्यक्रममा सहयोग स्वरुप धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षक बाट विनियोजन हुने गरी रु ३०,०००।- सहयोग गर्ने निर्णय गरियो ।